# लहान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लहान, सिरहा

पत्र संख्या:-२०८१/८२ (शिक्षा शाखा) मिति:- २०८१/१०/३
चलानी नं.- २४८६

विषय :- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

प्रस्तुत सन्दर्भमा सिरहा जिल्ला लहान नगरपालिका अन्तर्गत रहेको श्री शहिद राम लक्ष्मण आधारभूत विद्यालय लहान-१८ अमहीमा रिक्त रहेको १ (एक) वटा प्रा.शि. शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइ दिन भनी विद्यालयको च.नं.१९ मिति २०८१/०९/२८ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहका स्थायी शिक्षकहरुवाट सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ वमोजिमको ढांचामा सम्वन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च:

१.तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना shahidramlaxman@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाधी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

बोधार्थ:

श्री शिक्षा विकास तथा समन्वय इकाइ सिरहा ।

श्री शहिद राम लक्ष्मण आधारभूत विद्यालय लहान-१८ ।

२०८१/१०/०३

(ई.शत्रुधन प्रसाद चौधरी)
नि.प्रमुख प्रशासकीय अधिकृत

लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश, नेपाल

पत्र संख्याः-२०८१/८२ (शिक्षा शाखा) मितिः- २०८१/१०/३
चलानी नं.- २२४५

विषय :- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

प्रस्तुत सन्दर्भमा सिरहा जिल्ला लहान नगरपालिका अन्तर्गत रहेको श्री राजदेवी आधारभूत विद्यालय ढोढना लहान -१५मा रिक्त रहेको १ (एक) बटा प्रा.शि. शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइ दिन भनी विद्यालयको च.नं.११ मिति २०८१/०८/१० को पत्रवाट अनुरोध भई आएकोले सम्वन्धित तहका स्थायी शिक्षकहरुवाट सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढांचामा सम्वन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्वन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः

१.तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना deviprasadchaudhary965@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाइ सिरहा ।

श्री राजदेवी आधारभूत विद्यालय ढोढना लहान -१५ ।

२०८१/१०/०२

.....................

(ई.शत्रुधन प्रसाद चौधरी)

नि.प्रमुख प्रशासकीय अधिकृत

लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश

पत्र संख्या:-२०८१/८२ (शिक्षा शाखा)
चलानी नं.-२५४६

मिति:- २०८१/१०/३

विषय :- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

प्रस्तुत सन्दर्भमा सिरहा जिल्ला लहान नगरपालिका अन्तर्गत रहेको श्री माध्यमिक विद्यालय तरेगना गाईघाट लहान -१६मा रिक्त रहेको १ (एक) बटा प्रा.शि. शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइ दिन भनी विद्यालयको च.नं.२० मिति २०८१/०८/१७ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहका स्थायी शिक्षकहरुवाट सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढांचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ वमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः
१.तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना krishnadeo045@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाधी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

बोधार्थः
श्री शिक्षा विकास तथा समन्वय इकाइ सिरहा ।
श्री माध्यमिक विद्यालय तरेगना गाईघाट लहान -१६।

(ई.शत्रुधन प्रसाद चौधरी)
नि.प्रमुख प्रशासकीय अधिकृत

# लहान नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
लहान, सिरहा,
मधेश प्रदेश

पत्र संख्या:-२०८१/०८२ (शिक्षा शाखा)

चलानी नं.-२४५८

मिति:- २०८१/१०/०३

विषय :- विद्यालय खोल्न अनुमति तथा थप कक्षा संचालन सम्बन्धी सूचना।

शिक्षा नियमावली, २०५९ को परिच्छेद २ नियम ३ को उपनियम (१) मा विद्यालय खोल्न निवेदन दिने, नियम ४ मा विद्यालय खोल्नको लागि पुरा गर्नुपर्ने पूर्वाधारको व्यवस्था भएको र लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ को परिच्छेद ३ को दफा ६ मा विद्यालय खोल्न अनुमति लिनु पर्ने व्यवस्था भएकाले शैक्षिक सत्र २०८२ मा यस लहान नगरपालिका अन्तर्गत विद्यालय सञ्चालन अनुमति लिन चाहने र सञ्चालनमा रहेका विद्यालयहरुले कक्षा थप एवम् कक्षा ११ र १२ को विषय थप समेत गर्न यही मिति २०८१ साल माघ मसान्त भित्र यस न.पा.को शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्न सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

विद्यालय सञ्चालन अनुमतिका लागि आवश्यक कागजातहरु:

१. शिक्षा नियमावली, २०५९ (संसोधन सहित) अनुसुची १ बमोजिमको ढाँचामा आवेदन ।
२. वडा कार्यालयको सिफारिस तथा सिफारिस बापत रकम तिरेको भौचर ।
३. नजिकको समान तहको २ वटा सामुदायिक विद्यालयको सहमति पत्र ।
४. वि.व्य.स.को निर्णय प्रतिलिपि ।
५. प्रस्तावित विद्यालय क्षेत्रको शैक्षिक नक्सा ।
६. तल्लो कक्षाको अनुमति पत्रको प्रतिलिपि ।
७. शिक्षक नियुक्ति तथा शैक्षिक योगयताको प्रमाण पत्रको प्रतिलिपि । (शिक्षा नियमावली, २०५९ बमोजिम)खसस
८. कम्तीमा ३ वर्षसम्म निजी स्रोतमा सञ्चालन गर्ने सम्बन्धी वि.व्य.स.को निर्णय तथा प्रतिवद्धता पत्र ।

(सामुदायिक विद्यालयको हकमा)

९. सामुदायिक विद्यालयको हकमा विद्यालयको नाममा आवश्यक जग्गा दर्ता भएको जग्गाधनी प्रमाण पत्र प्रतिलिपि ।
१०. लेखापरीक्षण प्रतिवेदन ।

संस्थागत विद्यालयको हकमा थप आवश्यकहरु कागजातहरु:

११. कम्पनीको प्रमाणपत्र, प्रवन्ध पत्र नियमावलीको प्रतिलिपि ।
१२. शैक्षिक गुठी स्वीकृत भएको विधानको प्रतिलिपि ।

(कक्षा १ तथा गुठीमा सञ्चालीत विद्यालयको हकमा )

१३. कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि ।
१४. घरभाडा जग्गाधनीको लालपुर्जा र सम्झौता पत्रको प्रतिलिपि ।
१५. विद्यालयको प्रस्तावना पत्र ।
१६. पञ्चवर्षीय कार्ययोजना ।
१७. पाठ्यपुस्तक तथा शुल्क विवरण ।
१८ शिक्षक कर्मचारीहरुको बैंकमा खाता खोलेको प्रमाण पत्र प्रतिलिपि ॥ नियुक्ति पत्र, पान नं, बैंक सेटेटमेन्ट ।
१९. कक्षागत विद्यार्थी विवरण (शै. २०८१) ।

२०८१/१०/०३

ई.शत्रुधन प्रसाद चौधरी
नि. प्रमुख प्रशासकीय अधिकृत

लहान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लहान, सिरहा,
मधेश प्रदेश, नेपाल

पत्र संख्या:-२०८१/०८२ (शिक्षा शाखा)
चलानी नं.- २२४४

मिति:- २०८१/१०/०३

विषय:- आधारभूत तह (कक्षा-८) को परीक्षा फाराम सम्बन्धमा ।

श्री सामुदायिक तथा संस्थागत विद्यालय सबै
लहान नगरपालिका ।

प्रस्तुत सन्दर्भमा यस लहान नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुवाट शैक्षिक सत्र २०८१ को आधारभूत तह (कक्षा-८) को अन्तिम परीक्षामा सहभागी हुने विद्यार्थीहरुको देहाय वमोजिमको फाराम भरी मिति २०८१ साल माघ मसान्त भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन अनुरोध छ ।

१. विद्यार्थीहरूको विवरण ठिक छ कि छैन एकिन गरी विद्यार्थीको विवरण ठिक नभएको भए पछिसम्म फरक नपर्ने गरी IEMIS मा सबै विवरण मिलाएर यही माघ २० गते भित्र अद्यावधिक गर्ने ।

२. त्यसपछि Manage Exam मा गएर Admit Card मा Click गरेर विद्यार्थीहरूको विवरण रुजू गरी २ प्रति Print गर्ने र विद्यार्थीको फोटो टाँसी प्रधानाध्यापकले प्रमाणित गर्ने ।

३. विद्यालयको Cover Letter सहित विद्यार्थीहरूको विवरण तथा Alphabetical Order मा फाराम दुईवटा फाइलमा तयार गरी एउटा फाइलमा अनिवार्यरुपमा विद्यार्थीको जन्मदर्ताको फोटोकपी र कक्षा ७ को ग्रेडसिटको फोटोकपी सहित शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन ।

४. संस्थागत विद्यालयवाट परीक्षामा सामेल हुने प्रत्येक विद्यार्थीको रु.३००/- (तीन सय मात्र) का दरले हुन आउने एकमुष्ट रकम यस नगरपालिकाको राजश्व शाखामा जम्मा गरी सोको सक्कल भौचर समेत प्रवेश पत्र साथ संलग्न गरी पेश गर्नुहुन ।

जानकारी:- शैक्षिक सत्र २०८१ को कक्षा ८ को परीक्षा केन्द्र निर्धारण, उत्तरपुस्तिका परीक्षण तथा नतिजा प्रकाशन समेत नगरपालिकावाट नै हुने व्यहोरा अनुरोध छ ।

पुनश्चः तोकिएको समयमा विवरण अद्यावधिक गरी पेश गर्नु पर्ने छ, पछि विवरण फरक परेमा विद्यालय स्वयं जिम्मेवार हुनेछ ।

२०८१/१०/०३

ई.शत्रुधन प्रसाद चौधरी
नि. प्रमुख प्रशासकीय अधिकृत

# लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा,
मधेश प्रदेश

पत्र संख्याः-२०८१/०८२ (शिक्षा शाखा)
चलानी नं.- २६४८

मितिः- २०८१/१०/०७

विषय :- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

प्रस्तुत सन्दर्भमा सिरहा जिल्ला लहान नगरपालिका अन्तर्गत रहेको श्री आधारभुत विद्यालय वर्छवा, सिसबनी, लहान २२ मा रिक्त रहेको १ (एक) वटा प्रा.शि. शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बबढाइ दिन भनी विद्यालयको च.नं.३५ मिति २०८१/१०/०६ को पत्रबाट अनुरोध भई आएकोले सम्वन्धित तहका स्थायी शिक्षकहरुवाट सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्वन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्वन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः

१.तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना karunprasadyadav@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

वोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाइ सिरहा ।
श्री आधारभुत विद्यालय वर्छवा, सिसबनी, लहान २२ ।

..................................
जयकान्त झा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत